# Link Bank Account Application Form

Date 17-May-2023

I/We hereby request you to kindly link my bank account with the connectIPS electronic payment services as per the following details.

## Customer Account Details

| | | |
|---|---|---|
| Bank Name | : | 2301-NIC Asia Bank Limited |
| Branch Name | : | 59-Kohalpur |
| Customer Account Name | : | Laxman Kafle |
| Customer Account Number | : | 0595752072722001 |

## connectIPS User Details

| | | |
|---|---|---|
| Username | : | LAXMANKING |
| Name | : | Laxman Kafle |
| Mobile No. | : | +977-9819582696 |
| Email Id | : | laxmankaphle82@gmail.com |
| Account Nick Name | : | Laxman Kafle |
| Account Linked Date/Time | : | 2023-05-15 22:21:01.02 |
| Status | : | ACCEPTED |

1. I/We hereby confirm that I/we agree with the Terms and Conditions of overleaf and/or the terms issued by the Bank from time to time.
2. I/We also authorize the bank to debit my/our account for applicable fee/charges related to connectIPS services.

Note:

User is required to carry photo bearing identity valid for the bank.

______________________

(Authorized Signature)

Name: ______________________

Stamp:
(if required)

______________________

(Authorized Signature)

Name: ______________________

For Bank Use Only

Customer Id:

Verified By:

Signature: ______________________

Date: ______________________

Approved By:

Signature: ______________________

Date: ______________________

## Terms and Conditions governing *connect*IPS e-payment of Nepal Clearing House Ltd. (NCHL)
### *(For User/Customer)*
### नेपाल क्लियरिङ्ग हाउस लि. ले प्रदान गर्ने *connect*IPS e-Payment सम्बन्धी सर्त बन्देजहरु
### (प्रयोगकर्ता ⁄ ग्राहकहरुका लागि)

These terms and conditions (“Terms”) apply to and regulate the provisions of *connect*IPS e-payments services provided by the “Bank” to its customer whose bank account(s) has been linked with the *connect*IPS user. The *connect*IPS System is operated by Nepal Clearing House Ltd. (“NCHL”) as a payment system operator to which the Bank has agreed to provide the *connect*IPS Services to its customers. The Bank shall endeavor to provide to the Customer, such service in accordance with the *connect*IPS operating procedures/guidelines, circulars and/or regulations (termed as “Operating Procedures”) issued by the Nepal Rastra bank (“NRB”) and/or NCHL subject to the terms and conditions as specified herein.

(यी सर्त बन्देजहरु बैंकले *connect*IPS प्रणालीमा आबद्ध खातावाला ग्राहकहरुलाई प्रदान गर्ने *connect*IPS e-Payment का सन्दर्भमा लागु हुनेछ र बैंकले उपलब्ध गराउने उक्त e-payment सेवालाई नियमित गर्नेछ । *connect*IPS नेपाल क्लियरिङ्ग हाउस लि. (एनसीएचएल)ले भुक्तानी प्रणाली सञ्चालकको रुपमा सञ्चालन गरेको प्रणाली हो, जस अन्तर्गत बैंकहरुले आफ्ना ग्राहकहरुलाई *connect*IPS सेवा प्रदान गर्न सहमत भएका छन् । बैंकहरुले देहायका उल्लेखित सर्त बन्देजहरुको अधीनमा रही नेपाल राष्ट्र बैंक तथा एनसीएचएलले जारी गरेको *connect*IPS सम्बन्धी सञ्चालन कार्यविधि ⁄ निर्देशिका, परिपत्र र ⁄ वा नियम बमोजिम आफ्ना ग्राहकहरुलाई सेवा प्रदान गर्नु पर्नेछ । )

**Definitions**

The following words and phrases shall have the meanings as follows unless the context indicates otherwise. Other words and/or expressions used but not specifically defined herein shall have the respective meanings as per the Operating Procedures by NRB/ NCHL.

(विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा देहायका शब्द वा शब्दहरुले देहाय बमोजिम बुझाउने छन् । यसमा उल्लेख गरिएका तर विशिष्टकृत रुपमा परिभाषित नगरिएका शब्द वा अभिव्यक्तिले नेपाल राष्ट्र बैंक वा एनसीएचएलले जारी गरेका सम्बन्धित सञ्चालन कार्यविधिहरुमा उल्लेख भए बमोजिमको अर्थ दिनेछन् ।)

"Account(s)" refers to the bank account(s) held and maintained with the Bank and linked to the *connect*IPS user, to be used for *connect*IPS services.

(“खाता(हरु)” (Account) भन्नाले *connect*IPS का लागि प्रयोगकर्ता र बिक्रेता ⁄ सेवा प्रदायकले *connect*IPS मा आबद्ध गरेका बैंक खाता(हरु)लाई बुझाउँदछ ।)

"User/Customer" refers to the customer of the Bank availing *connect*IPS services through his/her bank Account(s).

(“प्रयोगकर्ता ⁄ ग्राहक” (User/ Customer) भन्नाले सम्बन्धित बैंक खाता मार्फत *connect*IPS सेवा लिएका बैंकका ग्राहकहरुलाई बुझाउँदछ ।)

“Creditor(s)/Merchant(s)” refers to and include online, mobile-app based and offline creditor/merchant who provides goods and/or services in exchange for payment through *connect*IPS services from User/Customer and whose Account is credited.

(“बिक्रेता ⁄ सेवा प्रदायक” (Creditors/Merchants) भन्नाले प्राप्त भुक्तानीको आधारमा कुनै वस्तु वा सेवा प्रदान गर्ने अनलाइन, मोबाइल एप्लिकेशनमा आधारित तथा अफलाइन सेवा प्रदायकहरुलाई जनाउँदछ, जसमा प्रयोगकर्ता ⁄ ग्राहकले कुनै वस्तु ⁄ सेवा लिए बापत *connect*IPS मार्फत भुक्तानी गर्दा निजको खाता खर्च गरी त्यस्तो बिक्रेता वा सेवाप्रदायकको खातामा भुक्तानी जम्मा गरिनेछ । )

"Bank" refers to banks and financial institutions (BFIs) licensed by NRB, which are allowed to acquire Customers and provide payment (credit/debit) services to the Customers and Creditors/Merchants.

(“बैंक” (Bank) भन्नाले ग्राहक बनाउन पाउने साथै ग्राहक तथा बिक्रेता एवं सेवा प्रदायक संस्थालाई भुक्तानी सेवा (क्रेडिट ⁄ डेबिट) उपलब्ध गराउने नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त बैंक तथा वित्तीय संस्थालाई बुझाउँदछ ।)

“*connect*IPS System” refers to the core system, related equipment and software owned by NCHL to provide the e-payment services.

(“*connect*IPS प्रणाली” भन्नाले एनसीएचएलको स्वामित्वमा रहेको विद्युतीय भुक्तानी सेवा प्रदानसँग सम्बन्धित उपकरण तथा सफ्टवेयर समाहित मूलभूत प्रणालीलाई बुझाउँदछ ।)

"Payment Instruction" refers to an unconditional instruction issued by the Customer, in writing or transmitted electronically to the Bank, either through *connect*IPS channels including internet, mobile application, short message service (SMS) or unstructured supplementary service data (USSD) or through such other means as provided by NCHL, to effect a payment/transfer for the amount expressed in Nepalese rupees (NPR), to the designated account of a Creditor/Merchant or a designated account of a beneficiary by debiting Account(s) of the Customer.

(“भुक्तानी आदेश” (Payment Instruction) भन्नाले ग्राहकले इन्टरनेट, मोबाइल एप्लिकेशन, एसएमएस सेवा वा यूएसएसडी वा एनसीएचएलले उपलब्ध गराएको अन्य कुनै माध्यमबाट *connect*IPS मार्फत कुनै तोकिएको बिक्रेता ⁄ सेवा प्रदायक वा तोकिएको हिताधिकारीलाई ग्राहकको आफ्नो खाता खर्च गरी भुक्तानी वा रकमान्तर गर्न ग्राहकले बैंकलाई निशर्त लिखित वा विद्युतीयरुपमा दिएको भुक्तानी आदेशलाई बुझाउँदछ ।)

"*connect*IPS Service" refers to the electronic payments, transfer and collection services provided by the Bank to its Customers and/or Creditors/Merchants, based on the Payment Instruction, through the channels of the *connect*IPS System as per the Operating Procedures and after a one-time enrollment process.

(“*connect*IPS सेवा” भन्नाले बैंकले आफ्ना ग्राहक र ⁄ वा बिक्रेता ⁄ सेवा प्रदायक संस्थालाई सञ्चालन कार्यविधि बमोजिम तथा एकपटक सेवामा आबद्ध भए पश्चात् *connect*IPS प्रणाली मार्फत भुक्तानी आदेश दिने विद्युतीय भुक्तानी, स्थानान्तरण तथा संकलन सेवालाई बुझाउँदछ । )

“Username” refers to the user identification code/name of a Customer in the *connect*IPS.

(“Username” भन्नाले *connect*IPS अन्तर्गत प्रयोगकर्ताको रुपमा पहिचान गर्नको निमित्त उपलब्ध गराइएको कोड वा नामलाई बुझाउँदछ ।)

“Password” refers to the password against Username for identifying the Customer.

(“पासवर्ड” (Password) भन्नाले ग्राहकको पहिचान सुनिश्चितताको निमित्त प्रयोगकर्ताले प्रयोग गर्ने सुरक्षा कोडलाई बुझाउँदछ ।)

“OTP/One Time Password” refers to a unique and time-sensitive password used as second layer of security on *connect*IPS System. Such OTP will be sent to the Customer in the registered mobile number and email ID via SMS/Email and shall be valid for specified time for one event only.

(“OTP (One-time-Password)” भन्नाले *connect*IPS प्रणाली अन्तर्गत दोस्रो तहको सुरक्षाको रुपमा प्रयोग गरिने विशेष प्रकृति एवं निश्चित समयसम्म मात्र मान्य हुने (Time-sensitive) पासवर्डलाई बुझाउँदछ । त्यस्तो एकपटक प्रयोग हुने पासवर्ड ग्राहकको नाममा दर्ता भएको मोबाइल नम्बर तथा इमेल ठेगानामा एसएमएस वा इमेलको माध्यमबाट पठाइनेछ र त्यस्तो पासवर्ड एकपटकका लागि तोकिएको समयसम्म मात्र मान्य हुनेछ ।)

**Applicability of Terms(सर्तहरु लागु हुने क्षेत्र)**

Bank Customer desirous of availing the *connect*IPS Service, shall by way of a one-time enrollment, in such form, manner and substance as the Bank and/or NCHL may prescribe, apply for the *connect*IPS Service and the Bank shall be entitled, at its sole discretion, to accept

or reject such applications. The Customer may independently create a Username and Password from the *connect*IPS channel provided by NCHL and then apply to the Bank to link its account with the *connect*IPS username to start the transactions. The Customer can link multiple accounts of the Bank or of other Banks defined and standardized as per the Operating Procedure and start transactions via *connect*IPS. By applying for and accessing the *connect*IPS Service, the Customer accepts these Terms, which shall govern the provisions of the *connect*IPS Services by the Bank. The Terms shall be, in addition to and not in derogation of the Operating Procedures issued/updated from time to time.

(*connect*IPS सेवा लिन चाहने ग्राहकहरुले बैंक र/वा एनसीएचएलले तोकेको फाराम, तरिका र प्रक्रिया बमोजिम सुरुमा एकपटकका लागि *connect*IPS सेवा प्राप्त गर्नका लागि आवेदन दिनु पर्नेछ र बैंकले आफ्नो स्वविवेकीय निर्णय अनुसार त्यस्तो आवेदन स्वीकार वा अस्वीकार गर्न सक्नेछन् । ग्राहकले स्वेच्छा पूर्वक एनसीएचएलले उपलब्ध गराएको *connect*IPS संयन्त्र/माध्यम (Channel) अन्तर्गत छुट्टै Username र पासवर्ड सिर्जना गर्न सक्नेछन् र कारोबार सञ्चालनका लागि सो *connect*IPS username आफ्नो खातासँग आबद्ध गर्नका लागि बैंक समक्ष निवेदन दिन सक्नेछन् । तोकिएको सञ्चालन कार्यविधि बमोजिम ग्राहकले आफ्नो कुनै बैंक वा बैंकहरुको एकभन्दा बढी खाता समेत सो प्रणालीमा आबद्ध गराउन सक्नेछन् र *connect*IPS को माध्यमबाट कारोबार गर्न सक्नेछन् । *connect*IPS सेवाका लागि आवेदन गर्दा तथा सो सेवामा आबद्ध हुँदा नै बैंकले प्रदान गर्ने *connect*IPS सेवाका क्रममा लागु हुने सर्तहरु ग्राहकले स्वीकार गरेको मानिनेछ । यसमा उल्लेखित सर्तहरु विद्यमान सञ्चालन कार्यविधि तथा सोमा समय समयमा भएका संशोधित प्रावधानका अलावा थप व्यवस्थाहरु हुन् र यी सर्तहरुले उक्त कार्यविधिमा भएका व्यवस्थाहरुलाई अर्थान्तर गर्ने छैन । )

The Customer hereby acknowledges that the Customer has read and understood the Operating Procedures and fully agrees that the rights and obligations, liabilities provided therein and in these Terms, in so far as it relates to the Customer shall be binding on the Customer with regard to every Payment Instruction issued by him/her for execution in the *connect*IPS System. The Customer understands and agrees that nothing in terms of availing the *connect*IPS Service shall be construed as creating any contractual or other rights against NCHL and/or any participant of the *connect*IPS System other than the Bank. Notwithstanding anything contained herein, all terms and conditions stipulated by the Bank in connection with the Customer Accounts shall continue to apply.

(सञ्चालन कार्यविधिमा उल्लेख भए बमोजिम *connect*IPS प्रणाली अन्तर्गत हुने भुक्तानी कारोबार सम्बन्धमा ग्राहकले आफूले दिने भुक्तानी आदेशबाट उत्पन्न परिणाम प्रति ग्राहक आफै जिम्मेवार हुने कुरा र आफ्नो अधिकार तथा दायित्व एवं उल्लेखित जिम्मेवारीहरुका बारेमा ग्राहक आफूले सञ्चालन कार्यविधिमा भएका व्यवस्थाहरुको पूर्ण अध्ययन गरी सोको पूर्ण जानकारी हासिल गरेको व्यहोरा स्वीकार गर्दछ ।

*connect*IPS सेवा प्राप्त गर्दाका सर्त बन्देजहरुले बैंक बाहेक एनसीएचएल र/वा *connect*IPS मा आबद्ध अन्य कुनै सहभागी प्रति ग्राहकको कुनै करारीय दायित्व वा अधिकारको सिर्जना गर्ने छैन भन्ने बारेमा समेत ग्राहक आफू सचेत रहेको छ । यसमा अन्यत्र जेसुकै कुरा लेखिएको भएतापनि ग्राहकको खाता सञ्चालन सम्बन्धमा बैंकले तोकेका सर्तहरु यथावत् रुपमा निरन्तर लागु हुनेछ ।)

**Scope of the *connect*IPS Service(*connect*IPS सेवाका क्षेत्र)**

*connect*IPS Service offers electronic payment, transfer or collection services to the customers of the member BFIs. The Customers can put in request to its Bank for such services through *connect*IPS channel(s) in a secure manner to link its bank Accounts. The Bank will provide a one-time enrollment process for linking the bank Account(s) and then allow the Customer to initiate the transactions. *connect*IP*S Service shall be as per the limit/rules set by NCHL and/or the Bank from time to time, who shall restrict the transaction up to specific amount and/or number of counts on daily, weekly, monthly and/or yearly basis.

(*connect*IPS सेवाले बैंक तथा वित्तीय संस्थाका ग्राहकहरुलाई विद्युतीय भुक्तानी, रकम स्थानान्तरण तथा संकलन सेवा प्रदान गर्नेछ । *connect*IPS मार्फत लिने त्यस्तो सेवा प्राप्तिका लागि आफ्नो खाता आबद्ध गराउन ग्राहकले सुरक्षित तरिकाले बैंक समक्ष अनुरोध गर्नु पर्नेछ । बैंकले एकपटक खाता आबद्ध (One Time Enrollment) गराए हुनेगरी खाता आबद्ध गराउने काम गर्नेछ र ग्राहकलाई कारोबारका लागि अनुमति प्रदान गर्नेछ । *connect*IPS सेवा एनसीएचएल र/वा बैंकले समय सयममा तोकेको सीमा भित्र रही उपलब्ध हुनेछ, जस अन्तर्गत दैनिक, साप्ताहिक, मासिक र/वा वार्षिक रुपमा निश्चित रकमसम्मको मात्र कारोबार गर्न पाउने गरी सीमा तोक्न सक्नेछ ।)

**Rights and Obligations of the Customer (ग्राहकको अधिकार तथा दायित्व)**

1. The Customer shall create the *connect*IPS Username and Password. The Customer may change the Password at any time. The Username, however, cannot be changed. The Customer shall provide the correct mobile number and email address entitled in one's own name while creating the Username and to be used for sending OTP to make financial/non-financial transaction through *connect*IPS System. The Customer shall be responsible for any financial or non-financial loss on account of misuse of information sent on mentioned email address and/or mobile number.
   (ग्राहक आफैले *connect*IPS Username र Password सिर्जना गर्न सक्नेछ । ग्राहकले पासवर्ड कुनैपनि समयमा परिवर्तन गर्न सक्नेछ । तर Username परिवर्तन गर्न सकिने छैन । Username बनाउँदा ग्राहकले आफ्नै स्वामित्वको सही मोबाइल नम्बर र इमेल ठेगाना उपलब्ध गराउनु पर्नेछ । उक्त मोबाइल नम्बर तथा इमेल ठेगानामा *connect*IPS प्रणाली अन्तर्गत हुने वित्तीय/गैर वित्तीय कारोबारको क्रममा आवश्यक पर्ने एकपटक प्रयोग हुने पासवर्ड (OTP) पठाइनेछ । उपलब्ध गराइएको इमेल ठेगाना र/वा मोबाइल नम्बरमा पठाइएको जानकारीको दुरुपयोग भई खातामा कुनै वित्तीय/गैर वित्तीय नोक्सानी हुन गएमा ग्राहक स्वयम् जिम्मेवार हुनेछ ।)
2. The Customer shall then apply to the Bank as one-time enrollment to link its Account(s) with the *connect*IPS username.
   (तत्पश्चात् Username सहित ग्राहकले एकपटकका लागि दर्ता हुन बैंक समक्ष निवेदन पेश गर्नुपर्नेछ ।)
3. The Customer shall keep Username and Password confidential at all times and under no circumstances shall he/she disclose Username and/or Password. The Customer shall be fully responsible for any accidental / negligent and/or unauthorized disclosure of Username and/or Password to any other person and shall bear the risks of Username and/or Password being used by unauthorized persons or for unauthorized purposes or transactions.
   (ग्राहकले Username र Password सदैव गोप्य राख्नुपर्नेछ र कुनैपनि अवस्थामा निजले आफ्नो Username एवं Password अरुलाई दिनु हुँदैन । कारणवश/भूलवश र/वा अनाधिकृत तवरले Username तथा Password अन्य कुनै व्यक्तिले प्राप्त गरेमा तथा अनाधिकृत व्यक्तिले Username तथा पासवर्डको अनाधिकृत प्रयोग वा कारोबार गरेमा समेत ग्राहक स्वयम् जिम्मेवार हुनेछ ।)
4. The Customer is required to quote Username and Password in order to log-on to the *connect*IPS System and give Payment Instruction to the Bank.
   (*connect*IPS प्रणाली प्रयोग गर्न ग्राहकले आफ्नो Username र Password प्रयोग गर्नुपर्नेछ र भुक्तानीको लागि बैंकलाई भुक्तानी आदेश दिनुपर्नेछ)
5. The Customer understands that although multiple bank accounts can be linked with the *connect*IPS, Customer shall select the account for initiating a debit transaction, whereas it shall be done on the primary account for credit transaction as configured by the Customer, unless the payment instruction specifically mentions the other bank account.

(*connect*IPS मा एकभन्दा धेरै खाताहरु आबद्ध गर्न सकिने भएतापनि कारोबारको क्रममा खर्च गरिने खाता आफूले छनोट गर्नुपर्नेछ । तर ग्राहकलाई भुक्तानी जम्मा हुन आउने भुक्तानी आदेशमा उल्लेख भएको अवस्थामा बाहेक अन्य अवस्थामा ग्राहकले पहिले नै छनोट गरेको प्राथमिक खाता (Primary Account) मा रकम जम्मा हुनेछ ।)

6. The Payment Instruction shall be issued by the Customer to the Bank in the form as prescribed by the Bank and/or NCHL, which is complete in all particulars. The Customer shall provide correct beneficiary details, including account number, account name (where required), mobile number, transaction amount, etc., to the Bank at the time of availing the *connect*IPS Service. The Customer shall be solely responsible for the accuracy and authenticity of the particulars provided to the Bank and the same shall be considered to be sufficient to execute the transaction in the *connect*IPS System. The Bank and/or NCHL shall not be required to independently verify the payment instruction and has no liability if it does not or is unable to stop or prevent the execution of any Payment Instruction issued by the Customer. The Customer shall be liable to compensate the Bank for any loss arising on account of any error in the Payment Instruction.
   (सबै विवरणहरु उल्लेख गरी बैंक र/वा एनसीएचएलले तोके बमोजिम ग्राहकले बैंकलाई भुक्तानीको लागि आदेश दिनु पर्नेछ । *connect*IPS सेवा उपयोग गर्दा ग्राहकले हिताधिकारीको खाता नम्बर, खातावालाको नाम (आवश्यकता अनुसार), मोबाइल नम्बर, कारोबार रकम, आदि सबै कुरा उल्लेख गरी हिताधिकारीको सम्पूर्ण विवरण यकिन गरेर मात्र बैंकलाई उपलब्ध गराउनु पर्नेछ । बैंकको तर्फबाट हिताधिकारीको बैंक खाताको नाम (Account Name) सुनिश्चित गर्न अपरिहार्य नभएकोले हिताधिकारीको बैंकले खाता नम्बरको आधारमा मात्र हिताधिकारीको खाता क्रेडिट गर्न सक्नेछ भन्ने कुरामा ग्राहक जानकार एवं मन्जुर हुन्छ । बैंकलाई उपलब्ध गराइएको विवरणको सत्यता र आधिकारिकताका बारेमा ग्राहक स्वयम् पूर्णरुपमा जिम्मेवार हुनेछ र सोही विवरण नै *connect*IPS प्रणाली मार्फत कारोबार गर्नका लागि पर्याप्त रहेको मानिनेछ । बैंक तथा एनसीएचएलले प्राप्त भुक्तानी आदेशलाई छुट्टै पुनः जाँच गरिरहनु आवश्यक पर्ने छैन, ग्राहकले दिएको भुक्तानी आदेशको कार्यान्वयन नरोकेको वा रोक्न वा निषेध गर्न असमर्थ भएको आधारमा बैंक वा एनसीएचएल कोही जवाफदेही हुने छैन । ग्राहकले भुक्तानी आदेशको क्रममा गरेको कुनै गल्तीका कारण बैंकलाई कुनै नोक्सानी हुने भएमा सोको क्षतिपूर्ति तिर्न व्यहोर्न ग्राहक उत्तरदायी हुनेछ ।)
7. The Customer shall be bound by any Payment Instruction executed by the Bank, if the Bank has executed the Payment Instruction in good faith and in compliance with the instructions given by the Customer.
   (बैंकले असल नियतका साथ र ग्राहकले दिएको निर्देशनको परिपालना गर्दै भुक्तानी आदेश कार्यान्वयन गरेको अवस्थामा त्यस्तो कुनैपनि भुक्तानी आदेश प्रति ग्राहक स्वयम् जिम्मेवार हुनेछ ।)
8. The Customer authorizes to debit the Account(s) held at the Bank as per the instruction received by way of Payment Instruction and any other liability incurred by the Bank and/or NCHL on behalf of the Customer for execution of the instruction, including fees/ charges from third party. Such instruction shall be irrevocable once approved by the customer.
   (भुक्तानी आदेशको रुपमा कुनैपनि तरिकाबाट भुक्तानीका लागि निर्देशन प्राप्त भएकोमा खण्डमा रकम भुक्तानीको लागि र ग्राहकको तर्फबाट निर्देशन कार्यान्वयन गर्दा कुनै तेस्रो पक्षबाट लिनुपर्ने शुल्क/दस्तुर लगायत बैंक प्रतिको कुनै दायित्व बुझाउन पर्ने बाँकी देखिएमा सो असुल गर्नका लागि ग्राहकको बैंकमा रहेको खाता खर्च (Debit) गर्न ग्राहकले बैंकलाई यसैसाथ अख्तियारी प्रदान गरेको छ । ग्राहकले एकपटक स्वीकृत गरिसके पश्चात् त्यस्तो निर्देशन फिर्ता लिन सक्नेछैन ।)
9. The Customer shall ensure availability of funds in his Account(s) before initiating a transaction. The Customer agrees that in the event of insufficient funds in the Account, the Bank shall decline such transaction.
   (ग्राहकले कारोबार सुरु गर्नुभन्दा पहिले नै आफ्नो खातामा पर्याप्त मौज्दात रहेको कुरा सुनिश्चित गर्नुपर्नेछ । खातामा पर्याप्त मौज्दात नभएको खण्डमा बैंकले कारोबार अस्वीकार गर्न सक्ने कुरामा ग्राहक जानकार एवं मन्जुर हुन्छ ।)
10. The Bank/ NCHL has the right to suspend the transaction, *connect*IPS user and/or linked bank accounts with respect to the *connect*IPS Service, if it has reason to believe that the Customer's instructions will lead to or expose to direct or indirect loss to the Bank/ NCHL or may require an indemnity from the Customer before executing such instruction. The Customer agrees that he/she shall not be entitled to make any claim against NCHL and/or any participant of the *connect*IPS System with respect to the *connect*IPS Service in such case.
   (ग्राहकले दिएको निर्देशनको पालना गर्दा बैंक/एनसीएचललाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नोक्सानी हुन सक्ने कुनै विश्वासयोग्य कारण भएमा वा त्यस्तो निर्देशन कार्यान्वयन गर्नु अघि ग्राहकको तर्फबाट हर्जाना व्यहोर्ने सम्बन्धी आवश्यक प्रतिबद्धता (Indemnity) लिर्नुपर्ने आवश्यक देखिएमा *connect*IPS सेवा सँग सम्बन्धित कारोबार रोक्ने र/वा *connect*IPS प्रयोगकर्ता (*connect*IPS user) र/वा प्रयोगकर्ताको बैंक खातालाई निलम्बन गर्ने अधिकार बैंक/एनसीएचएललाई हुनेछ । त्यस्तो अवस्थामा एनसीएचएल र/वा *connect*IPS प्रणाली अन्तर्गतका कुनैपनि सहभागी उपर कुनै दावी उजरी गर्ने हक आफूसँग नहुने कुरामा ग्राहक मन्जुर हुन्छ ।)
11. The Customer acknowledges that there may be time lag in transmission of instructions, information or communication via telecommunication network for which the Bank and/or NCHL shall not be held liable.
   (दूरसञ्चार नेटवर्के मार्फत निर्देशन, जानकारी वा सूचना सम्प्रेषण गर्दा ढिलाई हुनसक्ने तर्फ ग्राहक सचेत छ र सोका कारण बैंक र/वा एनसीएचएललाई कुनै जवाफदेहिता बहन गराउन सकिने छैन ।)
12. The Customer shall not hold the Bank/ NCHL responsible for any damage, claim, and issue arising out or in connection with any purchase of goods/services from Creditor/Merchant through *connect*IPS System. The Customer understands and agrees that all such losses, damages and issues shall constitute a claim against such Creditor/Merchant.
   (ग्राहकले *connect*IPS प्रणाली मार्फत बिक्रेता/सेवा प्रदायकबाट कुनै वस्तु वा सेवा खरिद गर्दा सोसँग सम्बन्धित कुनै नोक्सानी, दाबी वा समस्या उत्पन्न भएमा सो सम्बन्धमा बैंक/एनसीएचएललाई कुनैपनि तरिकाले जिम्मेवार बनाउन सकिने छैन । त्यस्तो नोक्सानी, दाबी वा समस्याका निम्ति बिक्रेता/सेवा प्रदायक स्वयम् जिम्मेवार हुनेछ भनेर ग्राहक जानकार एवं मन्जुर हुन्छ ।)
13. The Customer agrees that the *connect*IPS Services are offered in line with the Operating Procedures which are subject to change from time to time by NRB and/or NCHL and shall be notified through their website(s).
   (*connect*IPS को सञ्चालन कार्यविधि बमोजिम *connect*IPS सेवा प्रदान गरिएको र नेपाल राष्ट्र बैंक र/वा एनसीएचएलले उक्त कार्यविधि समय समयमा परिवर्तन गरी यसको जानकारी उक्त संस्थाहरुको आफ्नो वेबसाइट मार्फत समेत गराइने हुँदा त्यस्ता परिवर्तनहरु समेत ग्राहकलाई मान्य हुनेछ ।)
14. The Customer shall not, and shall not attempt to decompile, reverse-engineer, convert, adapt, alter, modify, enhance, add to, delete or in any way tamper with or gain access to, any part of the *connect*IPS Services or any software comprised in them.
   (ग्राहकले *connect*IPS सेवा तथा यससँग सम्बन्धित कुनै सफ्टवेयरको कुनैपनि पक्षलाई खण्डिकरण गर्ने, बिगार्ने, रुपान्तरण गर्ने, मिलाउने, भत्काउने, परिमार्जन गर्ने, सुधार गर्ने, थपघट गर्ने वा कुनै पनि तरिकाले नोक्सानी पुऱ्याउने वा सोको प्रयास गर्ने छैन ।)
15. The Customer agrees that all right, title and interest in and relating to the above and any and all related copyright, patent, trademark, service mark, proprietary property, trade secrets and exclusive works are and shall remain the exclusive property of NCHL. No right,

title or interest other than the right to access the information subject to these Terms is conveyed or transferred to the Customer. The Customer shall not make any representation or do any act, which may be taken to indicate that the Customer has any such right, title or interest.
(माथि उल्लेखित तथा सम्बन्धित अन्य सबै प्रावधान उपरको अधिकार, हक तथा हित साथै सो उपरको प्रतिलिपि अधिकार, पेटेण्ट, ट्रेडमार्क, सेवा चिन्ह, स्वामित्वको हक, व्यापारिक गोपनीयता तथा कार्यहरु उपरको पूर्ण हक एनसीएचएलसँग रहेकोमा ग्राहकको पूर्ण सहमति रहेको छ । यस सर्त बन्देजहरुले प्रदान गरेको सूचनाको पहुँचका अतिरिक्त अन्य कुनै अधिकार, हक वा हित ग्राहकलाई कुनै तवरबाट पनि प्रदान गरिएको वा हस्तान्तरण गरिएको छैन । सो उपर कुनै अधिकार वा हक वा हित भएको मानी ग्राहकले कुनै प्रतिनिधित्व वा कुनै कार्य गर्न सक्ने छैन ।)

**Rights and Obligations of the Bank (बैंकको अधिकार तथा दायित्व)**

1. Bank shall not be bound for the enrollment request until the bank ensures KYC, AML and any other requirements are complied with by the customer to link its Account(s).
(ग्राहक पहिचान (KYC), सम्पत्ति शुद्धिकरण निवारण (AML) तथा ग्राहकको खाता सम्बद्ध अन्य अनुपालनाका विषयहरुमा सुनिश्चित नहुन्जेलसम्म ग्राहकले *connect*IPS सेवाका लागि पेश गरेको दर्ता अनुरोधलाई मान्न बैंक बाध्य हुने छैन ।)
2. The Bank shall execute a Payment Instruction issued and duly authorized by the Customer, unless: (a) account is in dormant situation or suspended by the authority, (b) the funds available in the Account(s) of the Customer are not adequate or funds are not properly applicable/available to comply with the Payment Instruction, (c) the Payment Instruction is incomplete, (d) the Bank has reason to believe that the Payment Instruction is issued to carry out an unlawful transaction or (e) the Payment Instruction cannot be executed under the *connect*IPS System.
(ग्राहकले आधिकारिक रुपमा दिएको भुक्तानी आदेश देहायको अवस्थामा बाहेक बैंकले कार्यान्वयन गर्नुपर्नेछ ।
   (क) खाता निष्क्रिय (Dormant) अवस्थामा भएको वा कुनै आधिकारिक निकायबाट रोक्का राखिएको,
   (ख) ग्राहकको खातामा पर्याप्त मौज्दात नरहेको वा भुक्तानी आदेशको पालनाका लागि आवश्यक रकम उपलब्ध नभएको,
   (ग) भुक्तानी आदेश अपूर्ण रहेको,
   (घ) भुक्तानी आदेश गैरकानूनी भएको भन्ने बैंकलाई शंका लागेमा,
   (ङ) भुक्तानी आदेश *connect*IPS प्रणाली मार्फत कार्यान्वयन गर्न नसकिने प्रकृतिको भएमा ।)
3. No Payment Instruction issued by the Customer shall be binding on the Bank until the Bank has accepted it.
(बैंक आफैले स्वीकार नगरुन्जेलसम्म ग्राहकले बैंकलाई दिएको भुक्तानी आदेश पालना गर्न बैंक बाध्य हुनेछैन ।)
4. The Bank shall, for execution of every Payment Instruction, be entitled to debit the designated Account(s) of the Customer, with the amount of the funds to be transferred together with applicable charges payable thereon.
(प्रत्येक भुक्तानी आदेशको पालना गर्दा स्थानान्तरण गरिने रकम लगायत आवश्यक शुल्क ग्राहकको तोकिएको खाताबाट खर्च (Debit) गर्ने अधिकार बैंकमा निहित रहनेछ ।)
5. A record of the transaction shall be available online in the *connect*IPS System and also in the statement of the bank account. Such advice or confirmation shall be deemed to have been received by the Customer immediately after transmission and it is the duty of the Customer to check such advice or confirmation.
( *connect*IPS प्रणालीको कारोबारको अभिलेख अनलाइन उपलब्ध हुनेछ, साथै सोको विवरण Bank Statement मा समेत उपलब्ध हुनेछ । रकम स्थानान्तरण हुनासाथ ग्राहकले सोको विवरण (Advice) वा कारोबार भएको कुराको सुनिश्चितता प्राप्त गरेको मानिनेछ र त्यस्तो विवरण (Advice) वा सुनिश्चितको चेक जाँच गर्ने कर्तव्य ग्राहक स्वयम्को हुनेछ ।)
6. The Bank for providing the *connect*IPS Service to the Customer shall follow the Operating Procedures prescribed by NRB and/or NCHL in this regards.
(ग्राहकलाई *connect*IPS सेवा प्रदान गर्ने बैंकले नेपाल राष्ट्र बैंक र/वा एनसीएचएलले सो सम्बन्धमा तोकेको सञ्चालन कार्यविधिको पालना गर्नुपर्नेछ ।)
7. The Bank reserves the right to charge fees/ charges in relation to the use and/or termination of the Services as prescribed by NCHL and to revise such fees/ charges at any time with or without notice to the Customer, which shall be binding on the Customer. Fees/ Charges shall be collected from the Customer in such manner and at such intervals as the Bank may specify.
(सेवा प्रयोग गर्दा र/वा सेवाको अन्त्य गर्दा एनसीएचएलले तोके बमोजिम लाग्ने शुल्क लिने तथा ग्राहकलाई पूर्व सूचना दिई वा नदिई शुल्क समय समयमा पुनरावलोकन गर्ने अधिकार बैंकमा निहित रहनेछ जुन ग्राहकको लागि बाध्यात्मक हुनेछ । ग्राहकले बुझाउनु पर्ने शुल्क तथा दस्तुरहरु संकलन गर्ने तरिका तथा अवधि बैंकले तोक्न सक्नेछ ।)
8. The Bank and/or NCHL shall take reasonably practicable steps to ensure that its systems in connection with the *connect*IPS Services are installed with adequate security designs and to control and manage the risks in operating the services. None of the Bank or NCHL warrants or represents that the *connect*IPS Services, the information are free from virus or other destructive features which may adversely affect the Customer's hardware, software or equipment. In no event shall the Bank or NCHL be liable to the Customer or any other person for any incidental, indirect, special, consequential of or exemplary damages including, without limitation, any loss of use, revenue, profits or savings.
(बैंक तथा/वा एनसीएचएलले *connect*IPS सेवाको जडान गर्दा पर्याप्त सुरक्षा मापदण्ड एवं सेवा सञ्चालनको क्रममा आइपर्न सक्ने जोखिम नियन्त्रण एवं व्यवस्थापन हुने गरी यथासम्भव उपयुक्त उपायको अवलम्बन गर्नेछन् । तर *connect*IPS सेवा तथा सूचना ग्राहकको हार्डवेयर तथा सफ्टवेयर उपकरणहरुमा नकारात्मक असर पुऱ्याउन सक्ने भाईरस वा अन्य कुनै विनाशकारी अवस्थाबाट मुक्त छन् भनी बैंक वा एनसीएचएल कसैले पनि सुनिश्चित गरेको छैन । ग्राहकलाई वा अन्य कुनै व्यक्तिलाई पर्न सक्ने आकस्मिक, अप्रत्यक्ष, विशेष, परिणामात्मक वा *connect*IPS को प्रयोगका कारण हुन सक्ने हानी, आम्दानी, नाफा वा बचतमा हुन सक्ने नोक्सानी लगायत कुनै पनि खास क्षति प्रति बैंक वा एनसीएचएलको कुनै जिम्मेवारी हुने छैन ।)

**Sharing of Information(सूचना आदान प्रदान)**

The Customer irrevocably and unconditionally authorizes the Bank to access the Customer's Account(s) and records for the purpose of providing the *connect*IPS Services. The Customer agrees that the Bank and/or NCHL may hold and process its personal and other information concerning its Account(s) on computer or otherwise in connection with the *connect*IPS Service, for analysis and/or as required by law.( *connect*IPS सेवा उपलब्ध गराउने प्रयोजनका निमित्त ग्राहकको खाता एवं अभिलेखसम्म पहुँच हासिल गर्न ग्राहकले बैंकलाई फरक नपर्ने गरी र निशर्त (Irrevocably and unconditionally) रुपमा अख्तियारी प्रदान गरेको छ । बैंक र/वा एनसीएचएलले विश्लेषण र/वा कानुनले तोके बमोजिम कार्य गर्ने प्रयोजनको लागि ग्राहकको खाता सम्बन्धी व्यक्तिगत तथा अन्य सूचना विवरणहरु कम्प्युटरमा वा *connect*IPS सेवासँग सम्बन्धित अन्य स्थानमा राख्न वा सूचना प्रशोधन गर्न सक्ने कुरामा ग्राहकको मन्जुरी रहेको छ ।)

**Disclaimer of Liability(जिम्मेवारीबाट उन्मुक्ति)**

While the NCHL and/or Bank shall endeavor to promptly execute and process the transactions as proposed to be made by the Customer, the Bank/ NCHL shall not be responsible for any non-response or delay in responding due to any reason whatsoever, including due to failure of operational systems, telecommunication faults, network failure or any requirement of the law. The NCHL/ Bank shall not be liable for any loss, claim or damage suffered by the Customer and/or any other third party arising out of or resulting from failure of *connect*IPS transaction on account of time out transaction i.e. where no response is received from *connect*IPS System or the beneficiary bank to the transaction request and/or where information, including but not limited to incorrect beneficiary details, mobile number and/or account details, provided in the transaction. The Bank/ NCHL shall not be liable for any computer/cybercrimes such as hacking etc. and shall not be liable for any unauthorized transactions and/or any transactions carried out by using illegal and fraudulent methods and shall be guided by the terms of Electronic Transaction Act 2063. The Customer shall indemnify the Bank, NCHL and their respective officers and employees against all liabilities, claims, demand, losses, damages, costs, charges and expenses of any kind (including, without limitation, legal fees on a full indemnity basis) which may be incurred by any of them and all actions or proceeding which may be brought by or against any of them in connection with the provision of the *connect*IPS Services. NCHL/ Bank shall under, no circumstance, be held liable to the Customer, if *connect*IPS Service access is not available in the desired manner for reasons including but not limited to natural calamities, legal restraints, or any other reason beyond the control of the Bank and/or NCHL. Illegal or improper use of the *connect*IPS Service shall render the Customer liable for payment of financial charges or may result in suspension of the *connect*IPS Services. All the records of the Bank generated by the transactions arising out of the use of the *connect*IPS Service, including the time of transaction shall be conclusive proof of the genuineness and accuracy of the transaction. The Bank expressly disclaims all warranties of any kind, whether express or implied or statutory, including, but not limited to the implied warranties of merchantability, fitness for a particular purpose, data accuracy and completeness, and any warranties relating to non-infringement in the *connect*IPS Service.

(एचसीएचएल र/वा बैंकले ग्राहकको माग बमोजिमको कारोबार तत्काल कार्यान्वयन गर्ने वा प्रक्रिया अघि बढाउने आवश्यक कार्य गर्दा सञ्चालन प्रणालीको असमर्थता, दूरसञ्चारको गडबडी, नेटवर्कको असमर्थता वा कानुनले तोकेको कुनै कुरा लगायतका जुनसुकै कारणले ग्राहकलाई कुनै जानकारी नगराएको खण्डमा वा जानकारी गराउन ढिलाई हुन गएमा सो प्रति बैंक/एनसीएचएल जवाफदेही रहनेछैन।

*connect*IPS प्रणाली कारोबार अवस्थाको नियन्त्रण भन्दा बाहिर (timeout condition) जस्तै *connect*IPS प्रणाली वा हिताधिकारीको यकिन विवरण, मोबाइल नम्बर र/वा खाताको विवरण लगायतका कारोबार अनुरोध वा सूचना हिताधिकारी बैंकबाट प्राप्त नभएको आदि कारण *connect*IPS प्रणालीले काम गर्न असमर्थ भएकाले ग्राहक र/वा अन्य कुनै तेस्रो पक्षलाई कुनै हानी भएमा, दावी परेमा वा क्षति पुग्न गएमा सो प्रति एनसीएचएल/बैंक जवाफदेही हुने छैन। ह्याकिङ्ग आदि कम्प्युटर/साइबर अपराधका कारण उत्पन्न परिणाम तथा कुनैपनि अनाधिकृत कारोवारका साथै गैरकानुनी वा जालसाजपूर्ण तरिका अपनाई भएको कारोबार प्रति एनसीएचएल/बैंकको कुनै जवाफदेहिता रहने छैन र सो कुरा विद्युतीय कारोबार ऐन, २०६३ मा उल्लेख भए बमोजिम हुनेछ।

*connect*IPS सेवाको विषयमा बैंक, एनसीएचएल तथा सोका सम्बद्ध अधिकारीहरु उपर हुन सक्ने कुनै कारवाही वा प्रक्रियाका क्रममा आइपर्न सक्ने कुनै पनि प्रकारका दायित्व, दावी, माग, हानी, नोक्सानी, लागत, शुल्क तथा खर्च (पूर्णरुपमा हर्जाना भराई पाउने कानूनी शुल्क लगायत आदि समेत) बाट ग्राहकले बैंक, एनसीएचएल तथा सोका सम्बद्ध अधिकारीहरुलाई पूर्णतः नोक्सानी रहित (Indemnify) तुल्याएको मानिनेछ।

प्राकृतिक विपत्ती, कानूनी प्रतिकूलता वा एनसीएचएल/बैंकको काबुभन्दा बाहिरको परिस्थिति लगायत कुनै पनि कारण *connect*IPS सेवा अपेक्षकृत उपलब्ध हुन नसकेका कारण उत्पन्न भएको परिस्थिति प्रति एनसीएचएल/बैंक जवाफदेही हुने छैन। ग्राहकले *connect*IPS सेवाको गैरकानूनी वा अनुचित प्रयोग गरेमा सो वापत आर्थिक दायित्व तिर्न/बुझाउन ग्राहकको दायित्व हुनेछ र/वा जसको आधारमा *connect*IPS सेवा समेत निलम्बन गर्न सकिनेछ। *connect*IPS सेवा प्रयोगका क्रममा प्रणालीमा सिर्जना हुने कारोबार समय लगायत कारोबार सम्बन्धी सम्पूर्ण अभिलेख नै सही र यकिन कारोबारको अन्तिम प्रमाण हुनेछ। व्यापारिक अवस्था, निश्चित प्रयोजनको योग्यता, तथ्याकंको यथार्थता वा पूर्णता लगायत *connect*IPS सेवा वारेण्टीको उल्लङ्घन नभएको सम्बन्धमा परोक्ष वा अपरोक्ष वा कानुन बमोजिम सो उपर बैंकको कुनै दायित्व रहनेछैन।)

**Indemnity(हर्जाना)**

The Customer agrees, at its own expense, to indemnify, defend and hold harmless NCHL and the Bank, its directors and employees, representatives, agents, and its service providers against any claim, suit, action or other proceeding brought against NCHL and/or the Bank, its affiliates, directors and employees, representatives or agents by a third party, to the extent that such claim, suit, action of other proceeding brought against NCHL, Bank, its service provider, directors and employees, representatives or agents is based on or arises in connection with the use of the *connect*IPS Service with reference to :

(i) a violation of the Terms by the Customer;
(ii) any deletions, additions, insertions or alterations to, or any unauthorized use of, the *connect*IPS Service by the Customer;
(iii) any misrepresentation or breach of representation or warranty made by the Customer contained herein;
(iv) any breach of any covenant or obligation to be performed by the Customer hereunder;

The Customer agrees to pay any and all costs, damages and expenses, including, but not limited to, reasonable attorneys' fees and costs awarded against it or otherwise incurred by or in connection with or arising from any such claim, suit, action or proceeding attributable to any such claim.

( *connect*IPS सेवा प्रयोग गर्दा देहायका सन्दर्भमा एनसीएचएल तथा बैंक एवं तिनका संचालक एवं कर्मचारी, प्रतिनिधि, एजेण्ट वा सेवा प्रदायकहरु उपर आइपर्ने कुनै पनि दाबी, मुद्दा, विवाद वा कुनै तेस्रो पक्षले एनसीएचएल र/वा बैंक तथा यसका सम्बद्ध पक्ष, सञ्चालक एवं कर्मचारी, प्रतिनिधि वा एजेण्ट उपर दायर गर्न सक्ने अन्य कुनै कारबाहीका क्रममा लिने दावी, मुद्दा, अन्य कुनै कारबाहीका कारण उत्पन्न हुने कुनै पनि दायित्व ग्राहकले आफ्नै खर्चमा हर्जाना तिर्न, प्रतिरक्षा गर्न तथा एनसीएचएल/बैंकलाई नोक्सान रहित तुल्याउन ग्राहक मन्जुर हुनेछ।

(क) ग्राहकले सर्तको उल्लङ्घन गरेको अवस्थामा,
(ख) ग्राहकले *connect*IPS सेवाको कुनै कुरा मेट्ने, थप्ने, थपघट वा हेरफेर गर्ने वा सेवाको अनाधिकृत प्रयोग गर्ने कार्य गरेमा,
(ग) यसमा उल्लेख गरिएको कुनै कुरामा ग्राहकले गलत प्रतिनिधित्व गरेमा, प्रतिनिधित्व वा वारेण्टीको उल्लङ्घन गरेमा,
(घ) यस अन्तर्गत ग्राहकले कुनैपनि सर्त उल्लङ्घन गरेमा वा दायित्वको परिपालना नगरेमा,

त्यस्तो दाबी, मुद्दा, विवार्द वा कारबाहीको अवस्था उत्पन्न भई सो सम्बन्धमा कानुन बमोजिम बुझाउनु पर्ने केही वा सबै शुल्क तथा लागत नोक्सानी एवं खर्च व्यहोर्न समेत ग्राहक मन्जुर हुन्छ।)

**Assignment(हस्तान्तरण)**

The Bank shall be entitled to sell, assign, sub-contract or transfer the Bank's right and obligations under these Terms to any person/ company of the Bank's choice in whole or in part and in such manner and on such terms and conditions as the Bank may decide. Any

such sale, assignment or transfer shall conclusively bind the Customer and all other person/ company. The Customer, its successors and assigns are bound by these Terms. However, the Customer shall not be entitled to transfer or assign any of its rights and obligations under these Terms.
(यस अन्तर्गत उल्लेखित बैंकका अधिकार एवं दायित्वहरु बैंकले आफ्नो स्वविवेकमा पूर्ण वा आंशिक रुपमो यसै सर्त बन्देज अनुसार हुनेगरी कुनै व्यक्ति/कम्पनीलाई बिक्री गर्न, हस्तान्तरण गर्न, उपसम्झौता (sub-contract) गर्न वा हस्तान्तरण गर्न सक्नेछ । त्यस्तो बिक्री, हस्तान्तरण वा स्थानान्तरण ग्राहक एवं अन्य व्यक्ति/कम्पनीलाई पूर्णरुपमा बाध्यात्मक हुनेछ । तर ग्राहकले यस सर्त बन्देज अन्तर्गतको आफ्नो अधिकार एवं दायित्वहरु अन्य कसैलाई हस्तान्तरण गर्न वा तोक्न पाउने छैन ।)

**Termination(अन्त्य /समाप्ति)**
The Customer may disable the linked bank Account(s) in the *connect*IPS System, after which the payment transaction cannot be initiated through such disabled account. However, the Customer can enable again such linked bank account, if it deems necessary. The Customer will remain responsible for all the transactions made through the *connect*IPS system until the linked account is disabled. The Bank may suspend or terminate the *connect*IPS Service anytime either entirely or partially without assigning any reasons whatsoever and without prior notice if the Customer has breached any of these Terms.
(ग्राहकले *connect*IPS प्रणालीमा आबद्ध गरेका बैंक खाता(हरु)लाई निष्क्रिय बनाउन सक्नेछ, जसपश्चात् उक्त बैंक खाता मार्फत भुक्तानी कारोबार गर्न सकिने छैन । तथापि ग्राहकले उक्त बैंक खातालाई आवश्यक भएमा पुन: सक्रिय बनाउन सक्नेछ । जबसम्म आबद्ध गरेको बैंक खाता निष्क्रिय हुँदैन तबसम्म ग्राहक स्वयम् *connect*IPS प्रणालीमा आबद्ध बैंक खाता मार्फत गरेको कारोबार प्रति जिम्मेवार रहनेछ । यदि कुनै ग्राहकले यहाँ उल्लेखित सर्तहरुको उल्लङ्घन गरेमा बैंकले *connect*IPS सेवा कुनै कारण पेश नगरीकन एवं कुनै पूर्व सूचना बिना कुनैपनि समयमा यस सेवा आंशिक वा पूर्ण रुपमा निलम्बन वा अन्तय/समाप्त गर्न सक्नेछ ।)

**General Conditions(सामान्य सर्तहरु)**
1. The *connect*IPS Services and these Terms shall be governed by and construed in accordance with the laws of Nepal and all the parties shall submit to the non-exchange jurisdiction of the Courts of Nepal.
   (*connect*IPS सेवा एवं सम्पूर्ण सर्तहरु प्रचलित कानुन बमोजिम निर्देशित हुनेछन् र सोही बमोजिम यसको व्याख्या गरिनेछ साथै सबै पक्षहरुले नेपालको अदालतको क्षेत्राधिकार परिवर्तन नहुने सहमति गर्नेछन् ।)
2. The clause headings in this Terms are only for convenience and do not affect the meaning of the relative clause.
   (यस सर्त बन्देजका दफाहरुमा प्रयुक्त शीर्षकहरु सहजताका लागि मात्र प्रयोग गरिएका हुन् जसले सम्बन्धित दफामा उल्लेख भएका विषयहरुको अर्थमा कुनै फरक पार्ने छैन ।)
3. The Bank has the absolute discretion to amend or supplement any of the Terms as stated herein at any time or as amended by NRB and/or NCHL and will endeavor to give prior notice for such changes wherever feasible. Such notices may be published on the website or in a newspaper and such notices will have the same effect as a notice served individually to each Customer.
   (यसमा उल्लेखित सर्तहरुमा आफ्नो पूर्ण स्वविवेकमा कुनै पनि समय वा नेपाल राष्ट्र बैंक र/वा एनसीएचएलले संशोधन गरेको अवस्थामा संशोधन गर्न वा पूरक व्यवस्था गर्न बैंक पूर्ण रुपले स्वतन्त्र रहनेछ र सम्भव भएसम्म त्यस्तो फेरबदलको बारेमा अग्रीम जानकारी उपलब्ध गराउनेछ । त्यस्तो सूचना वेबसाइट वा पत्रिकामा प्रकाशित गरी दिएमा समेत प्रत्येक ग्राहकका हकमा व्यक्तिगत रुपमा नै सूचना दिए सरह लागु हुनेछ ।)
4. Any provision of these Terms, which is prohibited or unenforceable by law, shall be ineffective to the extent of prohibition or unenforceability but shall not invalidate the remaining provisions of these Terms or affect such provision.
   (यसमा उल्लेख भएको कुनै सर्तहरु कुनै कानुनसँग बाझिएमा वा लागु हुन नसक्ने भएमा सो हदसम्म निष्कृय हुनेछ तर सो कुराले लागु हुनसक्ने यसका अन्य प्रावधानहरुलाई कुनै फरक पार्ने छैन ।)
5. The Bank shall have the right of set-off and lien, irrespective of any other lien or charge, present as well as future on the deposits held in the Account(s) to the extent of all outstanding dues, whatsoever, arising as a result of the *connect*IPS Service extended to and/or used by the Customer.
   (ग्राहकलाई *connect*IPS सेवा उपलब्ध गराए बापत र/वा ग्राहकले प्रयोग गरेबापत उत्पन्न कुनै पनि बाँकी बक्यौता असुल गर्नका लागि ग्राहकको अन्य जुनसुकै हक वा दावी बाँकी रहेतापनि खातामा हाल रहेको र भविष्यमा हुने मौज्दात रकम आफ्नो लेनाको हदसम्म असुल गर्ने वा रोक्का (Lien) राख्ने हक बैंकसँग रहनेछ ।)